# स्थनीय राजपत्र


**पालुङटार नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ०९) पालुङटार, जेठ २८ गते, २०८२ साल (संख्या २**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## कर्मचारी प्रोत्साहन र पुरस्कार सम्बन्धी मापदण्ड, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।०२।२७

**प्रस्तावना :** कर्मचारीको ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गर्न मौद्रिक तथा गैर मौद्रिक उत्प्रेरणा तत्वहरु मध्य सम्मान तथा पुरस्कारले पनि समग्र कार्यसम्पादनमा सकारात्मक प्रभाव पार्ने भएकोले कर्मचारीको पहिचान, सम्मान र पुरस्कार सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले पालुङटार नगरपालिकाको प्रशासकीय (कार्यविधि नियमित) गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस मापदण्डको नाम “कर्मचारी प्रोत्साहन र पुरस्कार सम्बधी मापदण्ड, २०८२” रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :-

(क) “आर्थिक प्रशासन शाखा प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको आर्थिक प्रशासन शाखाको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(ख) “कर्मचारी” भन्नाले पालुङटार नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरु (स्थायी, अस्थायी र करार) सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले पालुङटार नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिका सम्झनु पर्दछ ।

घ) “प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुख सम्झनु पर्दछ ।

(छ) “प्रशासन शाखा प्रमुख” भन्नाले पालुङटार नगरपालिकाका प्रशासन शाखाको प्रमुख भई कामकाज सम्झनु पर्दछ ।

(ज) “समिति” भन्नाले दफा ६ बमोजिम गठन भएको मूलयाङ्कन तथा सिफारिस समिति सम्झनु पर्दछ ।

(झ) “स्थानीय सेवा” भन्नाले प्रचलित कानून बमोजिम गठन भएको स्थानीय सेवा सम्झनु पर्दछ ।

**३. उद्देश्य :-** यस मापदण्डको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) कर्मचारीहरुको कार्य सम्पादनस्तर वृद्धि गर्ने,

(ख) कर्मचारीहरुलाई हौसला र उत्प्रेरण प्रदान गर्ने,

(ग) कर्मचारीहरुलाई कार्यसम्पादनमा प्रतिस्पर्धी बनाउने ।

**४. कर्मचारीलाई पुरस्कार प्रदान गरिने :** (१) पालुङटार नगरपालिकाको कार्यसम्पादनलाई गुणस्तरीय एवं प्रतिस्पर्धी बनाउन कर्मचारीहरुलाई कार्य सम्पादनमा उत्प्रेरित गर्नका लागि प्रत्येक वर्ष देहाय बमोजिमको पुरस्कार प्रदान गरिनेछ :

| | |
|---|---|
| (क) सर्वोत्कृष्ट स्थानीय सेवा पुरस्कार | १ जना |
| (ख) उत्कृष्ट स्थानीय सेवा पुरस्कार | १ जना |
| (ग) स्थानीय सेवा पुरस्कार | ३ जना |

(२) सर्वोत्कृष्ट स्थानीय सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीलाई नगद बीस हजार सहित प्रमाणपत्र, उत्कृष्ट स्थानीय सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीलाई नगद पन्ध्र हजार सहित प्रमाणपत्र र

स्थानीय सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीलाई नगद दश हजार सहित प्रमाणपत्र प्रदान गरिनेछ । प्रमाणपत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(३) नगर सभाको वर्षे अधिवेशनको अवसरमा उपदफा (१) बमोजिमको पुरस्कार प्रदान गरिनेछ ।

**५. पुरस्कारका लागि कर्मचारी छनौटका आधारहरु :** (१) सर्वोत्कृष्ट स्थानीय सेवा पुरस्कारका लागि कर्मचारी छनौट गर्दा देहायका आधारमा छनौट गरिनेछ :

| **क्र.स** | **छनौटका आधार** | अङ्क |
|---|---|---|
| १ | स्थानीय सेवाको स्थायी पदमा १० वर्ष सेवा गरेको | १० |
| २ | पछिल्लो दश वर्षमा कुनै पनि विभागीय सजाय नपाएका | १० |
| ३ | पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा १०० प्रतिशत अंक प्राप्त गरेको | १० |
| ४ | पछिल्लो पाँच वर्षमा गयलकट्टी नभएको | १० |
| ५ | सम्पत्ति विवरण नियमित पेश गरेको | १० |
| ६ | असाधारण विदा अध्ययन विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा गरेको | १० |
| ७ | पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको | १० |
| ८ | प्रचलित कानून बमोजिम बरबुझारथ गरेको | १० |
| ९ | नगरपालिकालाई बुझाउनु पर्ने कुनै बक्यौता नरहेको र निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको | १० |
| १० | मूल्याङ्कन हुने वर्ष भन्दा अघिल्लो वर्षमा ९० प्रतिशत हाजिर भएको(विदा र काज पनि हाजिर मान्ने) हुनुपर्ने, | ५ |
| ११ | समय पालन र नियमितताः- कार्यालय समय अगावै हाजिर हुने कार्यालय समय पछि मात्र जाने, कम्तिमा ८० प्रतिशत दिनमा (हाजिर भएको कार्यालयको रेकर्ड) | ५ |

| | | |
|---|---|---|
| | जम्मा | १०० |

(२) उत्कृष्ट स्थानीय सेवा पुरस्कारका लागि कर्मचारी छनौट गर्दा देहायका आधारमा छनौट गरिनेछ :

| **क्र.स** | **छनौटका आधार** | अङ्क |
|---|---|---|
| १ | स्थानीय सेवाको स्थायी पदमा ७ वर्ष सेवा गरेको | १० |
| २ | पछिल्लो ७ वर्षमा कुनै पनि विभागीय सजाय नपाएका | १० |
| ३ | पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा १०० प्रतिशत अंक प्राप्त गरेको | १० |
| ४ | पछिल्लो तीन वर्षमा गयलकट्टी नभएको | १० |
| ५ | सम्पत्ति विवरण नियमित पेश गरेको | १० |
| ६ | असाधारण विदा अध्ययन विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा गरेको | १० |
| ७ | पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको | १० |
| ८ | प्रचलित कानून बमोजिम बरबुझारथ गरेको | १० |
| ९ | नगरपालिकालाई बुझाउनु पर्ने कुनै बक्यौता नरहेको र निजको नाममा ब्यक्तिगत बेरुजु नदेखिएको | १० |
| १० | मूल्याङ्कन हुने वर्ष भन्दा अघिल्लो वर्षमा ९० प्रतिशत हाजिर भएको(विदा र काज पनि हाजिर मान्ने) हुनुपर्ने, | ५ |
| ११ | समय पालन र नियमितताः- कार्यालय समय अगावै हाजिर हुने कार्यालय समय पछि मात्र जाने, कम्तिमा ८० प्रतिशत दिनमा (हाजिर भएको कार्यालयको रेकर्ड) | ५ |
| | जम्मा | १०० |

(३) स्थानीय सेवा पुरस्कारका लागि कर्मचारी छनौट गर्दा देहायका आधारमा छनौट गरिनेछ :

| क्र.स | छनौटका आधार | अङ्क |
|---|---|---|
| १ | स्थानीय सेवाको स्थायी वा करार पदमा ५ वर्ष सेवा गरेको | १० |
| २ | पछिल्लो ५ वर्षमा कुनै पनि विभागीय सजाय नपाएका | १० |
| ३ | पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा १०० प्रतिशत अंक प्राप्त गरेको | १० |
| ४ | पछिल्लो दुई वर्षमा गयलकट्टी नभएको | १० |
| ५ | सम्पत्ति विवरण नियमित पेश गरेको | १० |
| ६ | असाधारण विदा अध्ययन विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा गरेको | १० |
| ७ | पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको | १० |
| ८ | प्रचलित कानून बमोजिम बरबुझारथ गरेको | १० |
| ९ | नगरपालिकालाई बुझाउनु पर्ने कुनै बक्यौता नरहेको र निजको नाममा ब्यक्तिगत बेरुजु नदेखिएको | १० |
| १० | मूल्याङ्कन हुने वर्ष भन्दा अघिल्लो वर्षमा ९० प्रतिशत हाजिर भएको(विदा र काज पनि हाजिर मान्ने) हुनुपर्ने, | ५ |
| ११ | समय पालन र नियमितताः- कार्यालय समय अगावै हाजिर हुने कार्यालय समय पछि मात्र जाने, कम्तिमा ८० प्रतिशत दिनमा (हाजिर भएको कार्यालयको रेकर्ड) | ५ |
| | जम्मा | १०० |

*( नोटः करारका कर्मचारीको हकमा लगातार पाँच वर्ष सेवा अवधी नहुने भएकोले ६-६ महिनामा नविकरण भएर हालसम्मको सेवा अवधी समेत जोडी गणना गर्नु पर्नेछ ।)*

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी पुरस्कृत हुनका लागि न्यूनतम सेवा अवधि पूरा गरेका कर्मचारीहरु मध्ये कम्तिमा ८० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(५) समितिले मूल्याङ्कन गर्दा एक भन्दा बढी कर्मचारीको समान अङ्क आएमा सेवा अवधीको ज्येष्ठताको आधारलाई प्राथमिकता दिनु पर्नेछ ।

६. **मूल्याङ्कन तथा सिफारिस समिति :** (१) दफा ५ मा उल्लेख भएका मूल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी पुरस्कार प्रदान गर्न कार्यपालिकामा नामावली सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) अधिकृतस्तरबाट निवृत्त कर्मचारी मध्ये समितिले तोकेको व्यक्ति १ जना - सदस्य

(घ). आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा सम्बन्धित अन्य कर्मचारी वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक र पुरस्कार वितरण प्रक्रिया सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकार :** दफा ६ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :

(क) पुरस्कार प्राप्त गर्न योग्य नाम सिफारिसका लागि अनुसूची २ बमोजिमको ढाँचामा मूल्याङ्कन फाराम भरी नामावली माग गर्ने,

(ख) मूल्याङ्कन गरी पुरस्कार प्रदान गर्न कार्यपालिकामा नामावली सिफारिस गर्ने ।

८. **पुरस्कार वितरण :** (१) पुरस्कारका लागि आवश्यक रकम नगर सभाबाट विनियोजन गरी व्यवस्था गरिनेछ ।

(२) नगर कार्यपालिकाबाट निर्णण गराई नगर सभाको बर्षे अधिवेशनको समयमा वितरण गरिनेछ ।

९. **छनौट नगरिने :** एक पटक सर्वोत्कृष्ट पुरस्कार प्राप्त गरि सकेको कर्मचारीलाई पुनः सोही पुरस्कारका लागि छनौट गरिने छैन ।

तर उत्कृष्ट स्थानीय सेवा पुरस्कार वा स्थानीय सेवा पुरस्कार प्राप्त गरेका कर्मचारीलाई यस दफाले कुनै बाधा पुगेको मानिने छैन ।

१०. **संशोधन वा खारेजी गर्न सकिने :** पालुङटार नगर कार्यपालिकाले यो मापदण्डलाई आवश्यक संशोधन वा खारेजी गर्न सक्नेछ ।

**अनुसूची १**

**(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)**

**सर्वोत्कृष्ट/उत्कृष्ट/स्थानीय सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीलाई प्रदान प्रमाणपत्रको ढाँचा**

**पालुङटार नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय,**
**पालुङटार, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**
**प्रमाण पत्रको नमूना**

पालुङटार नगर कार्यपालिकाको मिति.....................................को निर्णयानुसार स्थानीय सेवाको ................................पदमा रही कार्य गर्दै आउनु भएको तपाई श्री..............................................

लाई यहाँले कार्य सम्पादनमा पुऱ्याउनु भएको विशेष योगदानको उच्च सम्मान गर्दै.....................सालको सर्वोत्कृष्ट/उत्कृष्ट/स्थानीय सेवा कर्मचारी पुरस्कार सहित यो प्रमाणपत्र प्रदान गरिएको छ।

भविष्यमा पनि तपाईबाट नगरपालिकाले विशिष्ट योथदानको अपेक्षा राखेका छ।

| ............................ | ................... | .......................... |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | प्रमुख |

इति सवंत २०..... साल .....................महिना ......... गते......रोज ..... शभम्..............................

**अनुसूची २**
**स्थानीय सेवा पुरस्कार प्रदान गर्ने सम्बन्धी**
**(दफा ७ को (क) सँग सम्बन्धित)**
**मूल्याङ्गन फारम**

| | |
|---|---|
| (क) सिफारिस गरिएका कर्मचारीको नाम थर : | (ख) हाल कार्यरत कार्यालय : |
| (ग) पद/तह : | (घ) सेवा/समूह/उपसमूह : |
| (ङ) शुरु नियुक्ति मिति : | (च) कर्मचारीको संकेत नं. |
| (छ) कर्मचारीको लिङ्ग : | (ज) हालको पदमा नियुक्ति मिति : |
| (झ)आदीवासी/जनजाती/मधेसी/दलित/अपाङ्ग/पिछडिएको क्षेत्र | (ञ) कर्मचारीको सम्पर्क नम्बर : |
| (ट) मोवाइल नं : | |

| क.स<br>(क) | **सर्वोत्कृष्ट स्थानीय सेवा पुरस्कार** | छ/छैन | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | स्थानीय सेवाको स्थायी पदमा १० वर्ष सेवा गरेको, | | |
| २ | पछिल्लो १० वर्षमा कुनै पनि विभागीय सजाय नपाएको, | | |
| ३ | पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा १०० प्रतिशत अंक प्राप्त गरेका | | |
| ४ | पछिल्लो पाँच वर्षमा गयलकट्टी नभएको, | | |
| ५ | सम्पत्ति विवरण नियमित पेश गरेको, | | |
| ६ | असाधारण विदा अध्ययन विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा गरेका | | |
| ७ | पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएका | | |
| ८ | प्रचलित कानून बमोजिम बरबुझारथ गरेका | | |

| | | | |
|---|---|---|---|
| ९ | नगरपालिकालाई बुझाउनु पर्ने कुनै बक्यौता नरहेको र निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको | | |
| १० | मूल्याङ्कन हुने वर्ष भन्दा अघिल्लो वर्षमा ९० प्रतिशत हाजिर भएको (विदा र काज पनि हाजिर मान्ने) हुनुपर्ने, | | |
| ११ | समय पालन र नियमितता:- कार्यालय समय अगावै हाजिर हुने, कार्यालय समय पछि मात्र जाने, कम्तिमा ८० प्रतिशत दिनमा (हाजिर भएको कार्यालयको रेकर्ड) | | |
| १२ | पुरस्कृत हुनका लागि कम्तिमा ८० प्रतिशत अंक प्राप्त गर्नु पर्ने | | |
| **(ख)** | **उत्कृष्ट स्थानीय सेवा पुरस्कार** | | |
| १ | स्थानीय सेवाको स्थायी पदमा ७ वर्ष सेवा गरेको, | | |
| २ | पछिल्लो ७ वर्षमा कुनै पनि विभागीय सजाय नपाएको, | | |
| ३ | पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा १०० प्रतिशत अंक प्राप्त गरेका | | |
| ४ | पछिल्लो पाँच वर्षमा गयलकट्टी नभएको, | | |
| ५ | सम्पत्ति विवरण नियमित पेश गरेको, | | |
| ६ | असाधारण विदा अध्ययन विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा गरेका | | |
| ७ | पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएका | | |
| ८ | प्रचलित कानून बमोजिम बरबुझारथ गरेका | | |
| ९ | पुरस्कारको लागि नगरपालिकालाई बुझाउनु पर्ने कुनै बक्यौता नरहेको र निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको | | |
| १० | मूल्याङ्कन हुने वर्ष भन्दा अघिल्लो वर्षमा ९० प्रतिशत हाजिर भएको(विदा र काज पनि हाजिर मान्ने) हुनुपर्ने, | | |
| ११ | समय पालन र नियमितता :- कार्यालय समय अगावै हाजिर हुने कार्यालय समय पछि मात्र जाने, कम्तिमा ८० प्रतिशत दिनमा (हाजिर भएको कार्यालयको रेकर्ड) | | |
| १२ | पुरस्कृत हुनका लागि कम्तिमा ८० प्रतिशत अंक प्राप्त गर्नु पर्ने | | |
| **ग** | **स्थानीय सेवा पुरस्कार** | | |

| | | | |
|---|---|---|---|
| १ | स्थानीय सेवाको स्थायी पदमा ५ वर्ष सेवा गरेको, | | |
| २ | पछिल्लो ५ वर्षमा कुनै पनि विभागीय सजाय नपाएको, | | |
| ३ | पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा १०० प्रतिशत अंक प्राप्त गरेका | | |
| ४ | पछिल्लो पाँच वर्षमा गयलकट्टी नभएको, | | |
| ५ | सम्पत्ति विवरण नियमित पेश गरेको, | | |
| ६ | असाधारण विदा अध्ययन विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा गरेका | | |
| ७ | पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएका | | |
| ८ | प्रचलित कानून बमोजिम बरबुझारथ गरेका | | |
| ९ | पुरस्कारको लागि नगरपालिकालाई बुझाउनु पर्ने कुनै बक्यौता नरहेको र निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको | | |
| १० | मूल्याङ्कन हुने वर्ष भन्दा अघिल्लो वर्षमा ९० प्रतिशत हाजिर भएको(विदा र काज पनि हाजिर मान्ने) हुनुपर्ने, | | |
| ११ | समय पालन र नियमितताः- कार्यालय समय अगावै हाजिर हुने कार्यालय समय पछि मात्र जाने, कम्तिमा ८० प्रतिशत दिनमा (हाजिर भएको कार्यालयको रेकर्ड) | | |
| १२ | पुरस्कृत हुनका लागि कम्तिमा ८० प्रतिशत अंक प्राप्त गर्नु पर्ने | | |

आज्ञाले,
कमानसिंह थापामगर
प्रमुख प्रशासकीय अधिकृत